# इनरुवा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## इनरुवा, सुनसरी
## कोशी प्रदेश, नेपाल

सूचना नं. :

### पदपूर्ती सम्वन्धी सूचना
(प्रथम पटक प्रकाशन मितिः २०८३।०६।१२)

कोशी प्रदेश सरकारको बहिरा तथा श्वरबोलाई सम्वन्धी अपाङ्गता भएका व्यक्तिहरुका लागि सञ्चार व्यवस्थापन कार्यक्रम अन्तर्गत सुनाइ सम्वन्धी अपाङ्गता भएका नागरिकहरुलाई स्थानीय तह, प्रदेश तथा संघीय सरकारका जिल्ला स्थित सार्वजनिक सेवाप्रदायक निकायहरु र सामाजिक गतिविधिहरुमा आवश्यकता अनुसार सहज सञ्चार सेवा उपलव्ध गराउन र अपाङ्गता सम्वन्धी सवालमा संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, अपाङ्गता भएका व्यक्तिहरु र संवन्धित संघ संस्थाविच प्रभावकारी समन्वय र सहजीकरण गर्न यस नगरपालिकामा निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य र अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि दरखास्त आह्वान गरिएको छ । योग्यता पुगेका नेपाली नागरिकहरुले तोकीएको अवधिभित्र आवश्यक कागजात सहित दरखास्त दिनुहुन जानकारी गराइन्छ ।

पदपुर्ति सम्बन्धि अन्य व्यवस्था कोशी प्रदेशको बहिरा तथा श्वरबोलाई सम्वन्धी अपाङ्गता भएका व्यक्तिहरुका लागि सञ्चार व्यवस्थापन कार्यक्रम सञ्चालन मार्गदर्शन पुस्तिका - २०८३ र इनरुवा नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७५(संशोधन सहित) वमोजिम हुनेछ ।

| क्र. सं. | विज्ञापन नं. | पद | पद संख्या | योग्यता |
|---|---|---|---|---|
| १ | ०१-२०८३/०८४ | दोभाषे | १(एक) | • नेपाली नागरिक हुनुपर्ने ।<br>• न्यूनतम प्रवीणता प्रमाण पत्र तह वा १०+२ उत्तिर्ण ।<br>• राष्ट्रिय बहिरा महासंघ, जिल्ला बहिरा संघ वा अन्य मान्यता प्राप्त संस्थावाट सञ्चालित कम्तिमा ३ महिनाको नेपाली साङ्केतिक भाषा तालिम प्राप्त।<br>• नेपाली सांकेतिक भाषामा प्रभावकारी रुपमा सञ्चार गर्न सक्ने र दृष्टिसम्वन्धी तथा बोली सम्वन्धी स्पष्ट क्षमता भएको ।<br>• नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतवाट कसुरदार नठहरिएको ।<br>• उमेरको सन्दर्भमा पूरुषको हकमा १८ बर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको । |

प्रमुख प्रशासकीय अधिकृत

इनरुवा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

इनरुवा, सुनसरी

कोशी प्रदेश, नेपाल

सूचना नं. :

---

१. कार्य अवधिः हाललाई २०८४ असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादनको आधारमा नवीकरण गर्न सकिनेछ।

२. आवेदन शुल्कः रु.५००।००

३. परीक्षाको किसिम: प्रयोगात्मक र अन्तवार्ता ।

४. तलव तथा अन्य सुविधा : नगरपालिकाले तोके बमोजिम हुनेछ ।

५. आवश्यक कागजातहरु :

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
- तालिमको प्रमाणपत्रको प्रतिलिपि,
- अनुभवको प्रमाणपत्रको प्रतिलिपि,
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको ३ प्रति फोटोको साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई तोकीएको दरखास्त फारम सहित नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

६. दरखास्त दिने अन्तिम मिति : २०८३।०६।२६ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ । आवेदन बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट निवेदन बुझाउन सकिने छ । तोकिएको समय भन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।

परीक्षाको मिति सूचनाको म्याद सकिएपछि तोकीनेछ ।

प्रमुख प्रशासकीय अधिकृत